मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
बिराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

आज फागुन ७ गते, जहानियाँ हुकुमी शासनको अन्त्य भई नेपाली जनताले राजनीतिक र प्रजातान्त्रिक अधिकार प्राप्त गरेको ऐतिहासिक दिन, प्रजातन्त्र दिवस। १०४ वर्ष लामो वंशीय, निरङ्कुश र हुकुमी राणा शासनलाई अन्त्य गरी मुलुकमा प्रजातन्त्रको प्रादुर्भाव गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्न आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै प्रजातान्त्रिक आन्दोलनमा संघर्षमय जीवन बिताउनु भएका आदरणीय अग्रजहरूप्रति आदरभाव व्यक्त गर्दछु। यस अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी एवम् दाजुभाइमा प्रजातन्त्र दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु।

वि.सं. २००७ साल फागुन ७ गते नेपाली जनताले राजनीतिक अधिकार, स्वतन्त्रता र शासनमा सहभागितासहितको माग राखेर गरेको जनआन्दोलनको सफलताको फलस्वरुप राणा शासनको अन्त्य भई प्रजातान्त्रिक शासन प्रणालीको सुरुवात भयो। जनताको बलिदानीपूर्ण संघर्षबाट प्राप्त प्रजातन्त्रलाई २०१७ साल पुस १ गते हरण गरेर पञ्चायती शासनका माध्यमबाट नागरिकका मत र आवाजलाई दबाउने काम भयो। नेपाली जनताले पञ्चायतविरुद्ध निरन्तर आन्दोलन गरिरहे र अन्ततः २०३६ सालमा जनमत सङ्ग्रह गरियो। तर जनमत सङ्ग्रहमा व्यापक धाँधली गरी नागरिकका अधिकारलाई फेरि पनि स्थापित हुन दिइएन। प्रजातन्त्र प्राप्तिका लागि जनताको संघर्ष निरन्तर चलिरह्यो र २०४६ साल चैत्र २६ गते मुलुकमा संवैधानिक राजतन्त्रसहितको बहुदलीय प्रजातन्त्रको स्थापना भयो। २०६१ माघ १९ गते जनताको प्रजातान्त्रिक अधिकार दरबारले खोसेपछि पुनः २०६२/६३ को दोस्रो जनआन्दोलनले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गऱ्यो। नेपालको राजनीतिक इतिहास निरन्तर संघर्ष, परिवर्तन र जनआन्दोलनहरूको इतिहास हो। यी सबै राजनीतिक आन्दोलनहरूले नेपाली जनताको लोकतन्त्रप्रतिको दृढ आस्था, साहस र एकताको उदाहरण प्रस्तुत गरेका छन्।

सात दशक लामो त्याग, बलिदान र जनचाहनाको परिणामस्वरूप २०७२ सालमा संविधानसभाबाट संविधान निर्माण भई जनताको आफ्नै संविधान प्राप्त भएको ऐतिहासिक उपलब्धि हामीसँग छ। तर पछिल्लो समय लोकतान्त्रिक उपलब्धिहरू सुरक्षित रहने कि नरहने भन्ने चिन्ता पनि व्यक्त हुन थालेको छ। संविधान र लोकतान्त्रिक व्यवस्थामाथि विभिन्न कोणबाट प्रश्न उठ्ने र चुनौतीहरू देखापर्ने अवस्था छ। हिजो हामीलाई जातजाति, भाषा, धर्म, संस्कृति र भूगोलका नाममा फुटाउन खोजियो, आज उमेर समुहका नाममा फुटाउन खोजिँदैछ। यस किसिमका षडयन्त्रबाट -

फोन नं. +९७७-०२१-४७५१६६
ईमेल:- info.ocmcm@p1.gov.np

सबैले सचेत रहन जरुरी छ। यस्तो विषम परिस्थितिमा संविधान निर्माण र प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएका सबै राष्ट्रिय शक्तिहरुबिच एकता, सहकार्य र सहअस्तित्व अत्यन्त आवश्यक भएको छ। भावनात्मक आवेगभन्दा विवेकपूर्ण र दूरदर्शी निर्णयमार्फत राष्ट्रिय एकता सुदृढ गर्नु आजको प्रमुख आवश्यकता हो।

हाम्रो लागि व्यक्तिगत स्वार्थभन्दा राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय अखण्डता र लोकतन्त्रको संरक्षण सर्वोपरि हो। सकारात्मक सोच र सहकार्यको भावना विस्तार गर्दै समाजमा आशा र विश्वासको सन्देश फैलाउनु आजको आवश्यकता हो। राणा शासनविरुद्ध बलिदान दिने पुर्खाले देखाएको बाटोलाई सही ढंगले अगाडि बढाउनु हाम्रो साझा जिम्मेवारी पनि हो। संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्याससँगै प्रदेश संरचनाको औचित्यमाथि विभिन्न सतही विश्लेषण र प्रश्नका माध्यमबाट भ्रम सिर्जना गर्ने कार्यहरु भएका छन्। सीमित स्रोत साधनका बाबजुद प्रदेशले छोटो समयमा नै जनताको जीवनस्तर सुधारका लागि महत्वपूर्ण कामहरू अघि बढाएको छ। कोशी प्रदेश सरकार स्थापना कालदेखि नै विविधता, बहुलता र पहिचानको संरक्षण गर्दै जनताका आकांक्षा पूरा गर्ने दिशामा अघि बढिरहेको छ। संविधानले निर्दिष्ट गरेको सहकार्य, समन्वय र सहअस्तित्वको भावनालाई आत्मसात् गर्दै समृद्धिको यात्रालाई गति दिने हाम्रो प्रतिबद्धता दोहोऱ्याउन चाहान्छु। यस अभियानमा सम्पूर्ण नागरिकको साथ, सहयोग र सहकार्य पनि त्यति नै अपरिहार्य छ। त्यसैले लोकतान्त्रिक व्यवस्थामाथि उठ्ने चुनौतीप्रति सजग रहँदै संविधान र प्राप्त उपलब्धिहरूको संरक्षणमा सबै एकजुट हुन आवश्यक छ।

आजको यस ऐतिहासिक दिनमा नागरिकको स्वतन्त्रता, समानता र सार्वभौम अधिकारको उपलब्धिलाई जोगाइराख्न हामी सबैको सक्रियता, उत्तरदायित्व र सदाचारका लागि आह्वान गर्दछु। प्रजातन्त्र दिवसले हामी सबैलाई लोकतान्त्रिक मूल्यमान्यताप्रति अडिग रहँदै देशको समृद्धि, सुशासन, सामाजिक न्याय र राष्ट्रिय एकताका लागि अझ दृढ भएर अघि बढ्न प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

७ फागुन २०८२

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश
मुख्यमन्त्री